STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १४ गते शुक्रबार ❑ 28 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रतिनिधिसभा विघटनविरुद्धका मुद्दा संवैधानिक इजलासमा सुनुवाइ हुने

रासस
काठमाडौं, १३ जेठ

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्ध दायर भएका सबै रिट निवेदनको सुनुवाइ संवैधानिक इजलासमा गर्ने भएको छ । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको एकल इजलासले बिहीबार नियमित इजलासमा शुरु भएको १९ रिट निवेदन संवैधानिक इजालमा पठाउने आदेश दिएको छ ।

सो आदेशसँगै उक्त विवादका ३० वटै रिट निवेदनमाथि सुनुवाइ शुक्रबार हुनेछ । निवर्तमान प्रतिनिधिसभाका सदस्य १४६ सहितका २६ रिट निवेदक संसद् पुनःस्थापना गर्नुपर्ने पक्षमा छन् । प्रतिनिधिसभामा आफ्नो बहुमतको आधार पेश गर्नुभएका प्रधानमन्त्री ओलीलाई नै पुनः नियुक्ति गर्नुपर्ने माग गर्दै अधिवक्ता धनजीत बस्नेत, कृष्ण भण्डारी, राजाराम घिमिरेलगायतले छुटाछुटै चार रिट निवेदन दर्ता गराएका छन् । प्रधानमन्त्री ओलीलाई नै पुनः प्रधानमन्त्रीमा नियुक्ति र निर्धारित समयमै निर्वाचन गराउनुपर्ने माग राखी दिइएको रिट निवेदनमा नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रतिनिधिसभाको विश्वासको मत प्राप्त गर्ने ठोस आधार नदेखिएकाले पुनः प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिलेन भन्ने राष्ट्रपतिको यही जेठ ७ गतेको निर्णय राजनीतिक दलसम्बन्धी ऐन, २०७३ विपरीत भएको उल्लेख छ ।

रिट निवेदनमा उक्त ऐनमा भएको व्यवस्था विपरीत प्रधानमन्त्री ओलीलाई पुनः प्रधानमन्त्री नियुक्ति गर्न नसक्ने भनी निर्णय गर्नु संविधानको मर्म र भावना विपरीत पनि भएको उल्लेख गर्दै सो निर्णय बदर गरी नेकपा(एमाले) संसदीय दलका नेता ओलीलाई पुनः प्रधानमन्त्रीमा नियुक्त गर्न माग गरिएको छ । काँग्रेस सभापति शेरबहादुर देउवा, नेपाल (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एमाले)का तत्कालीन नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलसहित १४६ निवर्तमान सांसदले भने प्रतिनिधिसभा पुनःस्थापना गरी काँग्रेस सभापति देउवालाई प्रधानमन्त्री बनाउनुपर्ने माग गरेका छन् ।

प्रतिनिधिसभा पुनःस्थापना गरी नेपालको संविधानको धारा ७६ (५) बमोजिम नेपाली काँग्रेसका नेता देउवालाई प्रधानमन्त्री नियुक्त गर्न आदेशको माग गरी निवर्तमान सांसदले रिट निवेदन दर्ता गर्नुभएको छ भने बाँकी रिट निवेदनमा प्रतिनिधिसभा विघटन गर्नु असंवैधानिक भएकाले पुनःस्थापनाको माग गरिएको छ ।

मन्त्रिपरिषद्को यही जेठ ८ को सिफारिशमा प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मंसिर ३ गते मध्यावधि निर्वाचन तोकने गरी राष्ट्रपतिको सोही दिनको निर्णय बदर गरी असंवैधानिक र गैरकानूनी घोषित गर्ने माग ती निवेदनमा गरिएको छ ।

## बजेट ल्याउने तयारीमा प्रदेश सरकार

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

बजेट ल्याउने तयारीमा अल्पमतमा परेको गण्डकी प्रदेश सरकार रहेको छ । प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले विश्वासको मत लिएर मात्र बजेट ल्याउनु पर्ने अबस्था रहेको छ भने प्रि बजेटको लागि १५ दिन छलफल गर्नको लागि यही जेठ १६ गतेदेखि सदन सुरु हुने भएको छ ।

प्रदेश प्रमुख सिता कुमारी पौडेलले वैशाख २९ गते पुनःप्रदेश सभामा ठुलो दलको नेता भएको हुनाले मुख्यमन्त्रीमा नियुक्ति गरे पनि यही जेठ २७ गते भित्र विश्वासको मत ३१ जना सांसद आफ्नो पक्षमा पार्दै बजेट ल्याउनु मुख्यमन्त्री गुरुङलाई यति वेला निकै कसरतमा लागेका छन् । प्रमुख प्रतिपक्ष दल नेपाली काग्रेस का नेता कृष्णचन्द्र नेपाली सहितको ४ दलको गठबन्दनले मुख्यमन्त्री बिरुद्ध अविश्वासको प्रस्ताव पेश गरेसँगै अविश्वसको प्रस्तावलाई फेस गर्न नसकी राजीनामा दियर बसेका गुरुङलाई एक महिना भित्र विश्वासको मत लियर आफ्नो सक्ता जोगाउन र बजेट ल्याउन निकै रस्सा कसी सुरु भएको श्रोतको दाबी छ । विश्वासको मत लिन र बजेट ल्याउने सन्दर्भलाई लियर गण्डकी प्रदेश सभाको वर्षे अधिवेशन यही जेठ १६ गते आइतबार बोलाउन गण्डकी प्रदेस सरकारले प्रदेश प्रमुख सीता कुमारी पौडेल समक्ष सिफारिस गरेको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले यही जेठ २७ गतेभित्र विश्वासको मत लिनु पर्ने छ । बजेट ल्याउने भन्दा मुलतह १५ दिन अघि नै सरकारले अधिवेसन आल्हान गर्ने र प्रथामिकता र सिद्धान्तका आधारमा छलफल गर्ने नियम अनुसार आफुहरुले जेठ १६ गते सदन डाक्न प्रदेश प्रमुख समक्ष सिफारिस गरिएको गण्डकी प्रदेश सरकारका प्रवक्ता रामशरण बस्नेतले बताए । १६ गते देखि सदन सुरु हुने बताएका भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्री समेत रहेका प्रवक्ता बस्नेतले १७ र १८ गते प्रि–बजेट सरकारको प्रथामिकता र सिद्धान्तको विषयमा छलफल हुने त्यस पछि निती तथा कार्यक्रम र बजेट आउने भएको उनले जनाए । राजनीतिक रुपमा अस्थिरता भएको अवस्थामा मुख्यमन्त्री गुरुङले जेठ २७ गते भित्र विश्वासको मत लिने भएको प्रवक्ता बस्नेतले भनाई छ ।

सरकारले बजेटको विषयमा तयारी समेत गरेको बताएका उनले कोभिड १९ तिव्र गतिमा फैलिएकोले यस बर्षको बजेट कोरोना संक्रमण नियन्त्रण र रोकथाममै केन्द्रित हुने भएको जनाए । अहिलेको अवस्थामा कति पुल र सडकहरुका भौतिक पूर्वाधार भन्दा मानविय संवेदनशिलता तर्फ आफुहरु केन्द्रित भएको बस्नेतले जनाए । सरकारले गरेको कामको गुण र दोषका आधारमा माननीयहरुले विश्वासको मत दिनु पर्ने बताएका प्रवक्ता बस्नेतले आफुहरुले जनमैत्रि काम गरेको जिकिर गरे । जेठ २७ मा मुख्यमन्त्रीले विश्वासको मत नपाए त्यस पछि अवस्था हेरी निर्णय गर्ने भएको बस्नेतले बताए ।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका नेता कृष्णचन्द्र नेपालीले अल्पमतमा परेको सरकारले बजेट ल्याउने गरी तयारी गर्नु उचित नभएको प्रतिकृया दिए । उनले भने "असर १ गते भित्र बजेट ल्याउनु पर्छ, त्यस अघि निति तथा कार्यक्रम पास गर्नु पर्ने हुन्छ, अहिलेको अल्पमतमा रहेको सरकारले पहिला विश्वासको मत लियर मात्र अन्य काम अघि बढाउनु पर्‍यो ।" राजनीतिक र कानुनी रुपमै कुनै पनि दृष्टिकोणबाट अल्पमतमा परेको सरकारले विश्वासको मत लिनद नसके मार्ग प्रशस्त गर्नुपर्ने उनले जनाए । यो अधिवेशनमा मुखमन्त्रीले विश्वासको मत लिन सकेनन भने अर्को सरकार गठन पनि सहज छैन ।

त्यसै गरी गण्डकी पनि मध्यावधिकै बाटोमा जाने बजेट समेत अध्यादेशबाट आउने सम्भावना रहेको छ । बजेट ल्याउने बिषयमा कर्मचारीहरु भने पूर्ण रुपमा तयारी अबस्थामा रहेका प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव राजकुमार केसीले बताए । आउदो बर्षको बजेटको लागि आफुहरुले पुष देखि नै विभिन्न ढंगले छलफल र राय सुझाव संकलन गर्दै आएको उनले जनाए । गत चैत्र महिना भित्र हरेक मन्त्रालयहरुलाई आफ्नो प्राथमिकता र आवश्यकताको आधारमा बजेट सिलिङ पेश गर्न आव्हान गरिएको उनले जनाए । यस बर्ष कोरोना केन्द्रिय बजेट निर्माण हुने भएको उनले जनाए ।

यस बर्ष करिब ७० प्रतिशत भन्दा बढी बजेट खर्च हुने सचिव केसीले विश्वास व्यक्त गरे । कोरोनाको कारण, कर्मचारीको पदपुर्ति, क्षमता विकास हुन नसकेको तथा बजेट अन्तिम महिनामै बढी खर्च हुने सिस्टमले गर्दा पनि १० महिनामा थोरै बजेट खर्च भएको उनले जनाए । यस बर्षको बजेट पनि जतिसक्दो धेरै जनताको हितको लागि आउने गरी तयारी भएको केसीले बताए । भौतिक रुपमा सहभागि नभए पनि भर्चुअल रुपमा सरोकारवालाहरुसंग छलफल गर्दै आएको उनले जनाए ।

कोरोनाको कारण राजश्व अशुलीमा केही कमी आउने बताएका सचिव केसीले यातायात, मालपोत लगायतको क्षेत्रबाट करिब ३ अर्ब राजश्व संकलन हुने विश्वास व्यत्त गरे । साउन महिनामा भए पनि राजश्व संकलन हुने भएको उनले जनाए । राजनीतिक कारण बाहेक गत बर्षको जस्तै यस बर्ष कोरोनाबाट प्रभावित भएकोले यस्तै बजेट आउने सचिव केसीले बताए । यस बर्ष केही मन्त्रालय समेत थपिएकोले अर्थ व्यवस्थापनमा केही चुनौती रहेको उनले जनाए ।

## सर्वोच्च अदालतले न्याय गर्ने विश्वास छ : सभापति देउवा

रासस
काठमाडौं, १३ जेठ

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले संविधान र लोकतन्त्रको रक्षाका लागि आफूसहित प्रतिनिधिसभाका बहुमत सांसदले सर्वोच्च अदालतमा दर्ता गराएको निवेदनमा अदालतबाट न्याय पाउने विश्वास व्यक्त गर्नुभएको छ ।

नेपाल प्रेस युनियनको ३० औं वार्षिकोत्सवका अवसरमा आज आयोजित भर्चुअल कार्यक्रममा उहाँले प्रधानमन्त्रीले संविधान उल्लंघन गरेको आरोप लगाउँदै संविधानको रक्षाका लागि आफूहरू अदालत जान बाध्य भएको बताउनुभयो । उहाँले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम आफूहरूले नयाँ सरकार गठनका लागि गरेको दावीमा राष्ट्रपतिले आवश्यक छानबिन नगरेको भनी आपत्ति जनाउनुभयो ।

पूर्वप्रधानमन्त्री देउवाले भन्नुभयो, "अहिले जनताको जीवन रक्षा प्रमुख विषय हो, तसर्थ हामी अदालत गएका हौँ, यसमा जनमत सिर्जना गरी सहयोग गर्न सञ्चारमाध्यमलाई आग्रह गर्दछौँ ।" फरक प्रसंगमा उहाँले आफूले पार्टीको महाधिवेशन गर्न नसकेको कलंक बोक्न नचाहेको उल्लेख गर्दै सबैको चित्त बुझाएर निर्धारित समयमै सम्पन्न गरिने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा काँग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले संविधानले बहुदलीय लोकतान्त्रिक व्यवस्था आत्मसात् गरे पनि धारा ७६ को उपधारा (५) पुगेपछि सांसदको आत्मनिर्णय र स्वविवेकीय अधिकारसमेत स्वीकार नगरिएको जनाउँदै सोही व्यवस्थानुसार सरकार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्कीमा जेठ २१ गतेसम्मका लागि निषेधाज्ञा थप

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

कास्की जिल्लामा जेठ १४ गते राति १२ बजेदेखि लागू हुनेगरी जेठ २१ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ ।

कास्की प्रशासनले नयाँ भेरियन्ट सहितको कोभिड १९ तीव्र रुपले फैलिएकोले स्थिति भयावह हुन् नदिन भन्दै यस अघि लागु गरेको निषेधाज्ञालाई थप एक साताका लागि निरन्तरता दिएको हो । जिल्ला कोभिड व्यवस्थापन केन्द्रको बिहीबारको बैठकले उक्त निर्णय गरेको हो । कास्की जिल्लामा वैशाख १५ गतेदेखि निषेधाको आदेश जारी भएको थियो । संक्रमण दर बढ्दै गएपछि जेठ १४ गतेसम्म लागु गरिएको निषेधाज्ञामा पुनः एक साता समय थप गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय कास्कीका अनुसार निषेधाज्ञामा यस अघि जस्तै अत्यावश्यक खाद्य सामग्री खरिद बिक्रीका लागि बिहान ९ बजेसम्म खुला रहने भएको छ ।

## बजेटमा होटल र समग्र पर्यटन क्षेत्रको पुनरुत्थानलाई समेट्न होटल संघको माग

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

पश्चिमाञ्चल होटल संघ पोखराले आगामी आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेटमा होटल तथा समग्र पर्यटन क्षेत्रलाई मध्यनजर गर्दै राहत तथा पुनःउत्थानका कार्यक्रमहरु ल्याउन सरकारसँग माग गरेको छ ।

संघका अध्यक्ष विकल तुलाचनले एक विज्ञप्ति जारी गरी कोभिड- १९ का कारण अहिले सबै भन्दा बढी प्रभावित पर्यटन क्षेत्र नै हुन पुगेको भन्दै यस क्षेत्रको उत्थानको लागि विशेष कार्यक्रम ल्याउन ध्यानाकर्षण गराएका हुन् ।

गत वर्ष सरकारद्धारा घोषित राहतका कार्यक्रमहरु समयमा नै व्यवसायीले प्राप्त गर्न नसकेको जनाउँदै अध्यक्ष तुलाचनले कोभिड संक्रमणको दोस्रो चरण सम्म आइपुग्दा करिव २० प्रतिशत व्यवसायी र ६० प्रतिशत कर्मचारी विस्थापित भएको अनुमान उल्लेख गरेका छन् । पर्यटन व्यवसायमा भएको लगानी र रोजगारी संरक्षण गर्न मूल्य अभिवृद्धि कर, आयकर, तथा अन्य करमा छुट तथा सहुलियतको व्यवस्था र जरिवाना तथा हर्जानाहरु पुर्णतः मिनाहा गर्न संघले माग गरेको हो । यसैगरी व्यवसाय सञ्चालनमा नगद प्रवाह कायम राख्न होटलले खरिद गर्दा कर कट्टी गरेको र मिलान गरेर बाँकी रहेको मूल्य अभिवृद्धि कर रकम सुलभ तरिकाले फिर्ता पाउने व्यवस्था गर्न समेत संघले माग गरेको छ ।

यसैगरी स्थानीय सरकारले सम्पत्ति कर तथा व्यवसाय करमा छुट तथा सहुलियत प्रदान गर्नुपर्ने माग पनि संघको छ । होटलहरुको लगानीको आकार हेरी पुनकर्जाको सिमा २० करोडबाट बढाई दायरा फराकिलो पारिनु पर्ने साथै अति प्रभावित होटल उद्योगका लागि छुट्टै रोजगार संरक्षण कोष र पर्यटन विकास (होटल) कोषको व्यवस्था हुनुपर्ने माग पनि संघको छ ।

कोभिडको कारण अति प्रभावित व्यवसायको रुपमा होटल क्षेत्र रहेकोमा यस क्षेत्रलाई प्रदान गरिने तीन प्रतिशत ब्याजदरको विशेष पुर्नकर्जा आगामी दुई वर्ष सम्मको लागि निरन्तरता दिईनु पर्ने साथै विशेष पुर्नकर्जाको सिमा ५ करोड रुपैयाँबाट १० करोड रुपैयाँसम्म पुऱ्याउनु पर्ने माग पनि विज्ञप्तिमा गरिएको छ । होटल व्यवसायलाई जिवितै राख्न संचालन खर्चका लागि ५ प्रतिशत ब्याजमा सहज रुपमा कर्जा उपलब्ध हुनुपर्ने, अन्य सहुलियत कर्जा उपभोग गर्ने ऋणीहरुलाई पनि यो व्यवस्था लागु हुनु पर्ने र विभिन्न शीर्षकमा लिइएको कर्जाको ब्याज २ वर्ष सम्मका लागी स्थगन गरी बिना ब्याजमा पुँजीकरण गरिनु पर्ने बुँदा पनि समेटिएको छ ।

यसैगरी चालू मौद्रिक नीतिमा उठाइएका सहुलियतलाई निरन्तरता दिइनुपर्ने, उद्योगलाई उपलब्ध गराइएको विद्युत डिमाण्ड शुल्कको व्यवस्था कार्यान्वयन हुनुपर्ने, दुई बर्ष सम्मका लागि यस्तो डिमाण्ड शुल्क शतप्रतिशत छुट हुनुपर्ने र विद्युत महशुलमा दुई बर्षसम्म ५० प्रतिशत छुट हुनुपर्ने पनि संघको माग छ ।

विज्ञप्तिमा थप भनिएको छ- पर्यटन व्यवसाय मध्येको होटल उद्योगमा साना, मझौला तथा ठुला गरी लगानी भएको खरबौं रुपैया, होटल क्षेत्रमा आश्रित हजारौं श्रमिक र परिवारका साथै पर्यटन तथा होटल उद्योगबाट निर्भर अन्य उद्योग व्यवसायहरुको भविष्य २ वर्ष देखी अनिश्चित बन्दै गएको छ ।

आगामी २०७८/७९ को निति तथा कार्यक्रममा होटल तथा पर्यटन क्षेत्रलाई संरक्षण दिने कार्यक्रम ल्याउन नसकेमा उद्योग व्यवसाय पलायन, विस्थापित वा बन्द मात्र हैन उद्यमशिलता र यसमा निर्भर प्रत्यक्ष तथा परोक्ष श्रमिकहरुको रोजगार अन्य सहायक ठुला तथा साना उद्योग व्यवसाय, स्थानिय प्रदेश तथा संघको राज्य कोषमा आर्थिक योगदानमा ह्रास मात्र हैन स्वयं बैंक तथा वित्तिय संस्थालाई संकटको स्थिति उत्पन्न हुन सक्नेछ । मजदूरका लागि होटलका तर्फबाट गरिनुपर्ने सामाजिक सुरक्षाको सम्पूर्ण रकम सरकारले ब्यहोर्न, भाडामा बस्ने होटललाई अडिट रिपोर्टका आधारमा सहुलियत ऋण प्रदान गर्न र होटलहरुले चुक्ता गर्नुपर्ने साँवा र ब्याजका लागि बैंकहरुले बारम्बार ताकेता नगर्ने व्यवस्थाका लागि समेत संघले आग्रह गरेको छ । यसैगरी संघले यथासिघ्र कोभिड विरुद्धको खोप सबै नेपाली नागरिकलाई उपलब्ध गराउन सरकारसँग माग पनि गरेको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# गण्डकीका १ हजार ७३३ संक्रमित थपिए, १७ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप ४४५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

सोमबार कास्कीमा २५० जना पुरुष तथा १९५ जना महिला गरी ४४५ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

पछिल्लो २४ घण्टामा प्रदेशमा ३हजार ३९९ जनाको नमुना परीक्षण गरिएकोमा थप १ हजार ७३३ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ।

कास्कीका ४४५ सहित म्याग्दीका ९३जना, स्याङ्जाका ९५ जना, बाग्लुङका ४१६ जना, पर्वतका ११९ जना, तनहुँका १७० जना, गोरखाका २१९ जना, लमजुङका ६५जना, नवलपुरका १११जना गरी प्रदेशका ९ जिल्लामा ९६० पुरुष तथा ७७३जना महिलामा कोरोना पुष्टि भएको हो। योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ३९ हजार ६८७ पुगेको छ। पछिल्लो २४ घण्टामा ११८८ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या २७ हजार ८२६ पुगेको छ। पोखराका अस्पतालहरुमा उपचाररत १३ जना, चितवनका अस्पतालमा ३ जना र १ जना होमआसोलेसनमा गरी गण्डकी प्रदेशका थप १७ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ। मृतकहरु सबैजनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

मृतकहरु कास्की जिल्लाका ६ जना, स्याङजा जिल्लाका ४ जना, नवलपुर जिल्लाका ३ जना, पर्वत जिल्लाका २ जना, म्याग्दी जिल्लाका १ जना र तनहुँ जिल्लाका १ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ। निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ५९४ पुगेको छ।

# सर्वोच्च...

गठनका लागि सांसदहरू अदालत जानुपरेको बताउनुभयो।

पूर्वसभामुख पौडलले कोभिड-१९ को महामारीबीच वर्तमान सरकारले निर्वाचन घोषणा गर्ने तर पुनः महामारी देखाए निर्वाचन नगर्ने खतरासमेत देखिएको जनाउँदै अहिले देशलाई विकल्प चाहिएको धारणा व्यक्त गर्नुभयो। "कांग्रेस सक्षम र एकताबद्ध हुन निर्धारित समयमै पार्टीको १४औं महाधिवेशन हुनुपर्छ", उहाँले भन्नुभयो। कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले सञ्चारमाध्यमले स्वतन्त्र रूपमा लेख्न र प्रसारण गर्न पाए मात्रै लोकतन्त्रको सार्थकता रहने बताउनुभयो। नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले महामारीमा नागरिकका लागि सूचनाको झन् महत्व हुने भए पनि जनतालाई सुसूचित गर्ने सञ्चार क्षेत्रले यतिखेर सरकार र दलबाट अपेक्षानुसारको प्राथमिकता नपाएको गुनासो गर्नुभयो। प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले कोभिड-१९ को महामारीबाट प्रभावित सञ्चारकर्मीलाई राहत दिनका लागि युनियनका तर्फबाट रु १० लाखको राहत कोषको घोषणा गर्दै कोषमा थप सहयोगका लागि सबैलाई आह्वान गर्नुभयो। करिब ५०० जनाको सहभागिता रहेको र विभिन्न माध्यमबाट प्रत्यक्ष प्रसारणसमेत गरिएको भर्चुअल कार्यक्रममा प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत, प्रेस सेन्टर नेपालका अध्यक्ष महेश्वर दाहाल, युनियनका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, महासचिव अजयबाबु शिवाकोटीलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो।

# पोखरा उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष कर्माचार्यको निधन

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

पोखरा उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष एवं पोखराका सामाजिक व्यक्तित्व रमेश कर्माचार्यको निधन भएको छ।

६२ वर्षका कर्माचार्य काठमाण्डौं गएको अवस्थामा करिब तीन साता अघि कोरोना शंक्रमण देखा परेसँगै बिहीबार बिहान उनको उपचारकै क्रममा निधन भएको उनको पारिवारीक श्रोतले जनाएको छ। काठमाडौंको त्रिपुरेश्वर स्थित ब्लुक्रस अस्पतालमा भर्ना भएका स्वास्थ्यमा थप समस्या भए पनि निदान अस्पतालमा उनको उपचारकै क्रममा बिहीबार विहान ३:२० बजे निधन भएको पोखरा उद्योग बाणिज्य संघका महासचिव सुरेन्द्रमान बिजुक्छेले बताए। उनका छोरा र श्रीमतीलाई केही दिन अघि कोरोना संक्रमण देखा परे पनि हाल नेगेटिभ नतिजा आएको पारिवारीक श्रोतले जनाएको छ। संघका पूर्व अध्यक्ष रमेश कर्माचार्यको निधनले पोखरा उद्योग बाणिज्य संघ स्तब्ध भएको छ।

संघका पूर्व अध्यक्ष कर्माचार्यको निधनको घटनाले आफूहरु निकै मर्माहित र निकै दुःखि भएको महासचिव बिजुक्छेले जनाए। मृतआत्मको चिर शान्तिको कामना गर्दै संघले श्रद्धाञ्जली सहित परिवारजनमा हार्दिक समवेदन समेत प्रकट गरेको छ।

# स्थापना दिवसमा प्रेस युनियन कास्कीद्वारा शुभकामना

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

नेपाल प्रेस युनियनको ३० औं स्थापना दिवसमा नेपाल प्रेस युनियन कास्कीले शुभकामना व्यक्त गरेको छ।

नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष नवीन सिग्देलले विज्ञप्ति प्रकाशित गरी शान्ति, लोकतन्त्र, प्रेस स्वतन्त्रता, सूचनाको हकप्रति सदैव प्रतिवद्ध रहदै आम श्रमजीवीको पेशागत अधिकार सुनिश्चितताका लागि युनियन कटिबद्ध रहेको जनाउनु भएको छ।

श्रमजीवी पत्रकार हरुको हकहित संरक्षणमा स्थापनाकालदेखि नै युनियनले भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै हालसम्म युनियनको विकास र विस्तारमा योगदान पुऱ्याउने सबैप्रति सम्मान व्यक्त गरिएको छ। कोराना महामारीका कारण सृजना भएको असहज अवस्थामा पनि जनतालाई सुसुचित गर्ने अभियानमा उच्च मनोबलका साथ पत्रकारहरुले निर्वाह गरेको भूमिकाको सम्मान गर्दछौं, विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा यतिबेला पत्रकारको स्वास्थ्य सुरक्षाको सवाल अत्यन्त महत्वपूर्ण रहेको भन्दै सतर्कता अपनाएर कार्यक्षेत्रमा खट्न आग्रह गर्दै पत्रकारका समस्यामा युनियन सदैव साथमा रहने उल्लेख गर्नुभएको छ। कोरोना संक्रमित पत्रकारको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै कारण दिवंगत पत्रकारप्रति श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गरिएको छ।

# निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमलाई खोप खरिद गर्न मिल्ने बनाउन सांसद कोइरालाको सुझाव

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

कास्की क्षेत्रनं १(१)का प्रदेश सांसद एवं माओबादी केन्द्रका नेता दीपक कोइरालाले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई खोप खरिद गर्न मिल्ने बनाउनुपर्ने बताउनु भएको छ।

बिहिबार गण्डकी प्रदेशको अर्थ मन्त्रालयले आयोजना गरेको आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमाको सन्दर्भमा आयोजित भर्चुअल बैठकमा बोल्दै अर्थ तथा विकास समितिका समेत सभापति रहनुभएका कोइरालाले उक्त कुरा बताउनु भएको हो। उहाँले



सबै भन्दा पहिले जनता बचाउनु पर्ने भएकोले आगामि बजेटको ५० प्रतिशत बजेट स्वास्थ्यको क्षेत्रमा विनियोजन गर्नुपर्ने सुझाव दिनु भयो। कोइरालाले निर्वाचन पूर्वाधार विकास क्षेत्रको बजेट २ करोड बाट बढाएर बरु ५ करोड पुऱ्याउनु पर्ने र निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमलाई खोप खरिद गर्न मिल्ने बनाउन सुझाव दिनु भयो। सांसद कोइरालाले मितव्ययिता भनेर भाषण गर्ने सरकारले अनाबश्यक मन्त्रालय थप्दै गएको र प्रदेशको आम्दानी बृद्धि भन्दा अनाबश्यक खर्च गर्न तल्लिन रहेको टिपणी गर्नुभयो।

सत्ता जोगाउन राजनैतिक बैमानीगर्दै खर्च बढाउने बाटोहरु खोज्दै गएको ठोकुवा गर्नुभयो। सरकारले तिन बर्षमा आम्दानीका नयाँ स्रोत के के पहिचान गऱ्यो भनेर भन्न सक्ने अवस्था नरहेको जनाउदै उहाँले सरकार सत्ताटिकाउन मात्रै तल्लिन रहेको जनाउनु भयो।

# राष्ट्रपतिसमक्ष राष्ट्रियसभा निर्वाचनको परिणाम पेश

रासस
काठमाडौं, १३ जेठ

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष बागमती प्रदेशमा जेठ ६ गते सम्पन्न राष्ट्रियसभा सदस्य उपनिर्वाचनको परिणामसहितको प्रतिवेदन निर्वाचन आयोगले पेश गरेको छ।

राष्ट्रियसभा सदस्य निर्वाचन ऐनबमोजिम आयोगबाट स्वीकृत गरी राष्ट्रपति कार्यालयमार्फत राष्ट्रपतिसमक्ष प्रतिवेदन पेश गरेको हो। प्रतिवेदनमा उपनिर्वाचन सन्दर्भमा भए गरेका कार्य, राजनीतिक दल दर्ता, निर्वाचनको तयारी, मतदाता नामावली र मतबार, निर्वाचन अधिकृत नियुक्ति र कार्यालय स्थापना, निर्वाचन कार्यक्रम सञ्चालन, उम्मेदवारको मनोनयन दर्तालगायत विषय समेटिएको आयोगका सहप्रवक्ता कोमल धमलाले जानकारी दिनुभयो।

# कास्कीका पाँच दलद्वारा राष्ट्रपति र प्रधानमन्त्रीको कदमको निन्दा

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ

कास्कीमा क्रियाशील पाँच राजनीतिक दलले राष्ट्रपति र प्रधानमन्त्रीबाट प्रतिनिधि सभा विघटन गरी प्रतिगमनकारी कार्य भएको भन्दै त्यसको निन्दा गरेका छन्।

नेपाली काँग्रेस पोखरा महानगर सहसभापति राजेन्द्रमणि लामिछाने, नेकपा (माओवादी केन्द्र) पोखरा महानगर सचिव विश्वप्रकाश लामिछाने, नेकपा (एमाले) पोखरा महानगर अध्यक्ष मुक्तिनाथ पौडेल, जनता समाजवादी पार्टीका अध्यक्ष टिकाराम पौडेल र राष्ट्रिय जनमोर्चा पोखरा महानगर अध्यक्ष विष्णु पुरीले बिहीबार संयुक्त रुपमा विज्ञप्ति प्रकाशित गरी राष्ट्रपति र प्रधानमन्त्रीको कदमको निन्दा गर्नुभएको हो।

प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले सर्वभौम सम्पन्न प्रतिनिधि सभा विघटन गरी असंवैधानिक, अलोकतान्त्रिक, निरंकुश, प्रतिगामी र राष्ट्रघाति कदम चालिएको भन्दै भर्त्सना गरिएको छ। राष्ट्रपतिबाट संविधान रक्षाको भूमिका निर्वाह गर्नुपर्ने बेलामा प्रधानमन्त्रीको मिलेमतोमा प्रतिनिधि सभा विघटन गरी जेठ ८ गते मध्यरातमा चुनावको घोषणा गर्नु ०७७ पुष ५ का पुनरावृत्ति भएको ठहर गरिएको छ।

विज्ञप्तिमा नेपाली जनताको लामो आन्दोलन, संघर्ष र बलिदानबाट स्थापित नेपालको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र एवं नेपालको सर्वोपरी राष्ट्रिय हितको रक्षाका लागि दृढतापूर्वक अगाडि बढ्न आव्हान गरिएको छ। विज्ञप्तिमा राष्ट्रपति र प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गरी मुलुकमा राजनीतिक अनिश्चय, अन्योल र अराजकता सिर्जना गरेको ठहर गरिएको छ।

# रेडक्रस स्याङ्जाबाट स्वास्थ्य संस्थालाई सामाग्री

पोखरापत्र संवाददाता
स्याङ्जा, १३ जेठ

नेपाल रेडक्रस स्याङ्जाले जिल्ला भित्र रहेका स्वास्थ्य संस्थाहरुलाई सामाग्री वितरण गरेको छ। कोरोना संक्रमणका बेला स्वास्थ्य सामाग्रीको आवश्यकतालाई मध्य नजर गर्दै जिल्लाका स्वास्थ्य संस्थालाई सामाग्री वितरण गरेको हो।

जापानी रेडक्रसको सहयोगमा १ लाख ६० हजार बराबरको सामाग्री वितरण गरिएको रेडक्रस स्याङ्जाका मन्त्री दिनेश अर्यालले जानकारी दिए। उनका अनुसार बिहिवार पुतलीबजार नगरपालिकाको करेण्डाँडा स्वास्थ्य चौकी, भीरकोट, वालिङ, गल्याङ नगर अस्पतालमा स्वास्थ्य तथा सरसफाई सामाग्री वितरण गरिएको बताए। जिल्लाका ग्रामिण क्षेत्रमा संक्रमण बढ्दो रुपमा जान थालेपछि रेडक्रस स्याङ्जाले आवश्यकताको महशुष गरेर स्वास्थ्य सामाग्री वितरणलाई तिव्रता दिएको छ। जिल्ला ११ वटै स्थानीय तहका स्वास्थ्य संस्थामा क्रमश स्वास्थ्य सामाग्री वितरण गरिने मन्त्री अर्यालले बताए। जिल्लाका हरेक विपद्मा रेडक्रसले सहयोगलाई




निरन्तरता दिए सगै यो स्वास्थ्य माहामारीमा पनि सहयागी हात फैलाएको छ। अर्यालका अनुसार बिहिवार वितरण गरिएको सामाग्रीमा पिपिइ, ग्लोब्स, स्यानीटाईजर, मास्क, साबुन रहेका छन्। करेण्डडाँडा र गल्याङमा स्वास्थ्यकर्मी मार्फत र वालिङ, भीरकोटमा नगर उपप्रमुख, प्रमुखलाई हस्तान्तरण गरिएको छ। विपद्का बेला जिल्ला रेडक्रस सहयोग लिएर आउने गरेको भीरकोट नगर प्रमुख छायाराम खनालले बताए। जहाँ विपद् छ त्यहाँ रेडक्रस छ भन्ने भावना जागृत गर्दै स्वास्थ्य सामाग्री उपलब्ध गराएकोमा नगर प्रमुख खनालले आभार व्यक्त गरे। त्यस्तै वालिङ नगर उपप्रमुख कल्पना तिवारीले स्वास्थ्य संकटका बेला रेडक्रसले देखाएको सहयोगी भावनाको उच्च मुल्याङ्कन हुने बताइन्।

यस्ता मानवीय विपद् मा रेडक्रसले देखाएको प्रति लक्षित गर्दै उपप्रमुख तिवारीले संवेदनशील घडीमा रेडक्रसले गर्ने सहयोगको निरन्तरताको अपेक्षा समेत राखिन्। स्वास्थ्यको माहामारीको चपेटामा परेको हाम्रो मुलुकलाई जापनी रेडक्रसले सहयोग गरेको बताउदै रेडक्रस स्याङ्जाका मन्त्री अर्यालले अन्तराष्ट्रिय रेडक्रसलाई गुहारे पनि जिल्लाबासीको स्वास्थ्य सुरक्षामा चासो दिने बताए।


बाढी पहिरोको जोखिम दिनानुदिन बढ्दै गइरहेको हुँदा विकासको नाममा विनाश निम्त्याउने गरी डोजरको प्रयोग नगरौं। सकेसम्म मानवीय श्रोत साधन प्रयोग गरी रोजगारीसमेत सिर्जना गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्बन्धी रोग: छारसुनद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# नियम तोड्ने होड नगर

नेपालमा कोरोना संक्रमणको दोस्रो लहर समुदायमा फैलिएको छाकोरोना भाइरसको महामारी फैलिन नपाओस भनेर निषेधाज्ञा जारी भएको हो। धेरै जिल्लामा निषेधाज्ञा लागू भएको करिब एक महिना पुग्न लाग्दा नियन्त्रणमा आउन सकेको छैन। सामाजिक दूरी कायम नै नियन्त्रणको प्रमुख कारण भए पनि यसको पालना नहुँदा क्षतिको मूल्यांकन गर्न नसक्ने अवस्थामा देश पुग्दैछ। तर, पनि हामी अझै चेतेका छैनौं। नागरिकलाई निषेधाज्ञा गराई घरघरमा थन्क्याए पनि ऐन, नियम, कानुन बनाउने र पालना गराउने सरकार र दलहरू नै निषेधाज्ञाको धज्जी उडाउँदै हिँडेका छन्। सोमबार सर्वोच्च अदालतमा भएको दलका नेता, कार्यकर्ताको भीड। न त्यहाँ कुनै सामाजिक दूरी, न त स्वास्थ्य मापदण्ड नै थियो। नियम बनाउन सघाउने, देशलाई सही दिशामा हिँडाउने र नियमको कार्यान्वयनमा प्रमुख भूमिका खेल्ने दलका अगुवा नै तोड्न तल्लीन छन। नेपाली उखान जो अगुवा उहि बाटोमा.... भनेझैं नेताहरूले चरितार्थ गरेका छन।

संक्रमण बढ्दै जाँदा नियन्त्रण र संक्रमितको उपचारमा सहजताका लागि सरकारले कोभिड–१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ पनि ल्याएको छ। यो राष्ट्रपतिबाट जारीसमेत भएर लागू भएको छ। तर, अध्यादेश ल्याउने सरकारले नै गर्ने बैठक र भेलाले यसलाई गिज्याइरहेको छ। सत्ता स्वार्थका लागि दैनिक गरिने बैठक र भेटघाटमा तोकिएको नियम पालना छैन। सडकमा हुल लिएर हिँड्ने, जम्मा हुने र आफैंले बनाएको नियम नमान्ने सत्ता र प्रतिपक्षी दलका नेतालाई देखेर नागरिकले नै प्रश्न गर्दैछन् 'के नियम सर्वसाधारण जनताका लागि मात्रै हो ?' बेमौसममा सत्ता र शक्तिको बेसुरे बाँसुरी बजाउने दलका नेतालाई आफैंले बनाएको नियम कुल्चिएर हिँड्दा अलिकति पनि लाजको महसुस भएको देखिँदैन। सोमबार सर्वोच्च अदालत अघिको भीडमा एक नेतालाई 'यो भीडभाड गरेर दौडने समय हो ?' भन्ने पत्रकारले प्रश्न गर्दा उत्तर आयो, 'तपाईं चाहिँ किन यहाँ, अस्पतालको रिपोटिङ गर्नुस्।' यो उत्तरले नै देशका नेताको नेतृत्व क्षमता र विज्ञताको मूल्यांकन हुन्छ। नियमको कडाइका साथ कार्यान्वयन गर्ने सरकारको पनि कमजोरी कम छैन। बालुवाटारमा हुने २५ जनाभन्दा बढीको बैठक, हजारौंको भीडमा गर्ने शिलान्यास र उद्घाटन अनि आफ्नो पार्टीका नेताहरूको भेलाले संक्रमण फैलन अझै बल पुऱ्याएको छ।

पहिलो चरणको महामारी केही मत्थर भएको समयमा भएका दलका विरोध र शक्ति प्रदर्शनले पूर्वदेखि पश्चिमसम्म एकैपटक महामारी फैल्यायो। जसको नतिजा अहिले अस्पतालमा भरिएका बेड र घाटमा थपिने चिताले देखाएका छन्। नियम र कानुनको आँखामा सबै बराबर हुन्। कानुन कसैलाई कम र कसैलाई धेरै भन्ने हुँदैन। महामारी नियन्त्रणका लागि जारी भएको अध्यादेशमा महामारी नियन्त्रण गर्ने कुनै काम गर्न बाधा अवरोध सिर्जना गर्न नहुने र गरेमा एक वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने उल्लेख छ। अध्यादेशबमोजिम जारी भएको मापदण्डको पालना गर्नुपर्ने, पालना नगरेमा ६ महिनासम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय पनि हुन्छ। यो नियम सबैका लागि हो। यसको कार्यान्वयन गर्दा नियम मिच्ने अब कोही नछुटुन्। दलहरू अझै जिम्मेवार बनुन्। अरुलाई प्रश्न उठाउँदा एउटा औला तेर्साउदा बाँकी औला आफैं तिर फर्केको हुन्छ भन्ने ख्याल गर्नु जरुरी छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : शारिरीक झमेला |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : मानसिक तनाव |
| सिंह | : मन चञ्चल | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# नतङ्ग्रिँदै थलापरे घरबास

**पोखरापत्र संवाददाता**
**बागलुङ, १३ जेठ**

सञ्चालनमा आएको पहिलो नौ महिनामै आन्तरिक पर्यटकको रोजाइमा परेको सिग्दी सामुदायिक घरबास १४ महिनादेखि बन्द छ। बागलुङको बरेङ गाउँपालिका-२ हुग्दीशिरमा रहेको घरबास कोरोनाका कारण सञ्चालनमा आउन नसकेको हो। विसं २०७६ चैतमा बन्द भएको घरबास २०७८ जेठसम्म पनि सञ्चालनमा ल्याउन नसकिएको घरबास सञ्चालक हीराबहादुर पुन बताउनुहुन्छ।

महामारीको दोस्रो लहर शुरु हुनुपूर्व अन्य गतिविधि सञ्चालन भए पनि यहाँको घरबास भने बन्द रह्यो। अहिले घरबास सञ्चालनमा आउने अवस्था रहेन। घरबासलाई नै प्रवर्द्धन गर्ने भनेर सिग्दीबाट कौडेको लेकसम्म निर्माण भएको पदमार्गले पर्यटक कुरिरहेको छ। सिग्दी गाउँमै रहेको सांस्कृतिक सामुदायिक भवनको ढोका नखुलेको पनि १४ महिनाभन्दा धेरै भयो।

काठेखोला गाउँपालिका-७ रेशमा रहेको डोटा देउराली सामुदायिक घरबास अघिल्लो माघबाट सञ्चालनमा आएको थियो। झण्डै १० महिनापछि सञ्चालनमा आएको घरबासले पुरानो लयमा नफर्किँदै कोरोना महामारीको दोस्रो लहर चल्यो। अहिले यहाँ घरबास सञ्चालनको त कुरै छाडौं छिमेकीसँगको भेटसमेत गर्न मिल्ने अवस्था छैन। घरबास रहेकै गाउँहरूमा कोरोना महामारी फैलिएको छ। बागलुङ नगरपालिका-१० भकुण्डेमा रहेको घरबास जिल्लाभर चर्चित र पहिलो घरबास हो। अतिथि सत्कार घरबासमा मङ्सिरपछि चैतको पहिलो सातासम्म एकाध आन्तरिक पर्यटक देखिन्थे। चैत लागेपछि भकुण्डे सुनसान छ। कोरोना महामारीको चपेटामा परेको पर्यटन क्षेत्रसँगै यहाँका घरबास परेका छन्। लामो समय सञ्चालनमा आउन नसकेका घरबासका ढोका बन्द गरेर सञ्चालकले अन्य पेशा गर्न थालेका छन्। "घरबासले आबद्ध परिवारको खर्च चलेको थियो, अहिले हात खाली छन्", सिग्दी सामुदायिक घरबासका अध्यक्ष हीराबहादुर पुन भन्नुहुन्छ, "गाई बाख्रा पाल्न थालिएको छ, राम्रो हुँदै थियो, घरबास कोरोनाले थला पाऱ्यो।" घरबासमा आउने पाहुनाका लागि तयार भएको बाँकोको गुन्द्रुक कुहिएर गयो। स्थानीय जातका कुखुराका भाले सस्तो मूल्यमा बजारमा पुगे। कोरोना महामारीको समयमा सबैभन्दा धेरै पर्यटन क्षेत्र प्रभावित भएको सरोकारवाला बताउँछन्। "आय आर्जनको राम्रो माध्यम बन्दै थियो घरबास, तर अहिले बन्द गरेर राख्नुपरेको छ", काठेखोला गाउँपालिका-७ रेशका वडाध्यक्ष प्रेम लामिछाने भन्नुहुन्छ, "विकल्पबारे छलफल त हुन्छन् तर पाहुना राख्नैपर्ने, खानपान र बसउठ हुने भएकाले सम्भव देखिएन।" रेशमा मात्रै तीनवटा घरबास सञ्चालनमा छन्। बागलुङमा दर्ता भएर सञ्चालनमा रहेका २८ वटा घरबास छन्। त्यसबाहेक केही घरबास खुलेर सञ्चालनको तयारीमा छन्। विशेष गरेर पर्यटनसँग जोडिएका घरबास धराशयी भएका हुन्। गण्डकी प्रदेश सरकारले यहाँका २८ घरबासमा पूर्वाधार निर्माणको लागि झण्डै रु तीन करोड खर्चिएको थियो। स्थानीय सरकार र स्वयं घरबास सञ्चालकको समेत गरेर रु २० करोडभन्दा धेरै लगानी रहेको स्वरोजगारीको क्षेत्रमा कोरोना महामारीको प्रभाव परेको हो।

# पर्वतमा एन्टिजेन कीटको अभाव

**पोखरापत्र संवाददाता**
**पर्वत, १३ जेठ**

गाउँगाउँमा कोभिड महामारी फैलिइरहेका बेला जिल्लामा स्थानीयस्तरमै कोभिड परीक्षणका लागि उपयोगी मानिएको एण्टिजेन कीट अभाव भएको छ। परीक्षण गरिएका करिब ५० प्रतिशतमा कोरोना पुष्टि भएपछि स्वास्थ्यकर्मी र स्थानीय पालिकाले बिरामीको पहिचान छिटो हुनुपर्ने माग गरेका छन्। यही मागसहित स्वास्थ्य कार्यालय तथा सबै पालिकाले जिल्लाका करिब एकतिहाइ जनसङ्ख्यालाई पुग्ने एण्टिजेन कीट माग गरेको बताएका छन्।

करिब ५० हजार कीट आवश्यक पर्नेमा बढीमा ३५० मात्रै कीट आएको स्वास्थ्य कार्यालयले जनाएको छ। परीक्षण गरिएकामध्ये ४६/४७ प्रतिशतमा कोभिड देखिएको बताउँदै स्वास्थ्य कार्यालयका तथ्याङ्क अधिकृत प्रवीण भण्डारीले सङ्क्रमणको स्थिति हेर्दा कम्तीमा ५० हजार कीट चाहिएको बताउनुभयो। केही दिन पहिले ३५० कीट मात्रै आएको र केही क्षणमै सकिएको भण्डारीको भनाइ छ। स्वास्थ्य कार्यालयमा प्राप्त सबै कीट जिल्लाका सातवटा पालिकालाई ५० का दरले वितरण गरिसकिएको छ। पिसिआर मेसिन र जनशक्ति नभएका कारण स्वाब परीक्षणका लागि पोखरा पठाउनुपर्ने बाध्यता छ। पठाइएका स्वाबको नतिजा समयमै नआउँदा लामो समय लकडाउन हुँदा पनि कन्ट्याक्ट ट्रेसिङ र बिरामीको उपचारमा समस्या भएको स्वास्थ्य कार्यालय प्रमुख डा भोजराज गौतमले बताउनुभयो।

एण्टिजेन कीटमार्फत गरिएको परीक्षण पिसिआर जत्तिकै भरपर्दो भएकाले यो छिटोछरितो परीक्षणको माध्यममा स्थानीय पालिकादेखि प्रदेश र केन्द्र सरकारले जोड दिनुपर्ने गौतमले सुझाव दिनुभयो।

पालिकाहरूले पनि पिसिआर रिपोर्ट समयमै उपलब्ध गराउन वा एण्टिजेन कीट मागेअनुसार नै उपलब्ध गराउन प्रदेश र केन्द्र सरकारसँग माग गरेका छन्। सबैतिर स्थिति जटिल बन्दै गएको भन्दै प्रदेश र केन्द्र सरकार पन्छिँदै गएको आरोप जनप्रतिनिधिको छ।

# एमालेद्वारा प्रदेशका तीन मन्त्रीलाई स्पष्टीकरण

**रासस**
**काठमाडौं, १३ जेठ**

नेकपा (एमाले) सुदूरपश्चिम प्रदेश कमिटीले नेकपा (माओवादी केन्द्र) नेतृत्वको प्रदेशक सरकारमा सहभागी पार्टीका तीन मन्त्रीलाई स्पष्टीकरण सोधेको छ।

बिहीबार प्रदेश कमिटीका अध्यक्ष कर्णबहादुर थापा र सचिव राजेन्द्रसिंह रावलले आन्तरिक मामिला तथा कानूनमन्त्री प्रकाश शाह, सामाजिक विकास मन्त्री कृष्ण सुवेदी र उद्योग वन तथा वातावरणमन्त्री माया भट्टलाई २४ घण्टे स्पष्टीकरण सोध्नुभएको हो।

एमालेको स्थायी कमिटी बैठकले सोमवार प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेसँगै सरकारबाट फिर्ता हुन आफ्ना मन्त्रीहरूलाई निर्देशन दिएको थियो।

तर बुधबार प्रदेश संसदीय दलको बैठकले भने केन्द्रको निर्देशन कार्यन्वयन नगरी माओवादी नेतृत्वको सरकारलाई दिएको समर्थन कायम रहेको निर्णय गरेको थियो।

# अबको तीन दिन वर्षा, सावधानी अपनाउन अनुरोध

**रासस**
**काठमाडौं, १३ जेठ**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन शुरु हुनुअघि नै धेरै पानी परी बाढी र पहिरोको जोखिम हुने भएकाले अबको तीन दिन उच्च सतर्क रहन आम समुदायमा अनुरोध गरेको छ।

पश्चिम बङ्गालको खाडीमा विकसित भएको चक्रवात 'यास'का कारण आज जेठ १३ गतेदेखि १५ गतेसम्म देशका धेरैजसो भागमा पानी पर्ने सम्भावना रहेको उल्लेख गर्दै प्राधिकरणले नागरिकलाई विशेष ध्यान दिन र आवश्यक तयारीमा रहन सरोकारवाला निकायलाई अनुरोध गरेको छ।

अहिले उक्त चक्रवात समुद्रबाट जमीनतर्फ प्रवेश गरी उत्तर-पश्चिम सर्ने क्रममा रहेको प्राधिकरणले जनाएको छ। त्यसले केही दिन मौसममा असर पार्ने हुँदा सतर्कता अपनाउन अनुरोध गरिएको प्राधिकरणका प्रमुख अनिल पोखरेलले जानकारी दिनुभयो। जल तथा मौसम विज्ञान विभागका अनुसार जेठ १३ देखि १५ गतेसम्म प्रदेश १, २, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारी वर्षाको समेत सम्भावना छ। ती प्रदेशका तराइमा अति भारी वर्षा, चट्याङ पर्ने र उच्च वेगको हावाहुरी आउने सम्भावना रहेको जनाइएको छ।

कर्णाली र सुदुरपश्चिम प्रदेशमा भने एक दुई स्थानमा मेघ गर्जनसहित चट्याङ पर्ने र मध्यम वर्षाको सम्भावना छ। गण्डकी, वाग्मती र प्रदेश १ का हिमाली र उच्च पहाडी क्षेत्रमा केही स्थानमा हल्कादेखि मध्यम हिमपात र वर्षाको सम्भावना रहेको जनाइएको छ।

प्राधिकरणले बस्ती नजिक बाढी पहिरो डुबानको जोखिम आकलन गरी सुरक्षाकर्मी एवं पालिकासँगको समन्वयमा सुरक्षित स्थानमा बस्न र नदी, खोला किनार एवं पहिरो आसपास बसोबास गर्ने बासिन्दालाई सतर्क रहन अनुरोध गर्दै सतर्कताका सूचना सम्प्रेषण गर्न भनेको छ। पहाडमा भूक्षय र पहिरो एवं तराईमा बाढी आउनसक्ने भएकाले हरेक जिल्लामा सुरक्षा निकाय, विपद् व्यवस्थापनमा संलग्न अधिकारी तथा गैरसरकारी निकाय र विषयगत क्षेत्रलाई तयारी अवस्थामा राख्न पनि प्राधिकरणले आग्रह गरेको छ।

सम्भावित वर्षा एवं बाढीबारे थाहा पाउन जल तथा मौसम विज्ञान विभागको टोल फ्रि नं ११५५ मा फोन गर्न र तत्काल खोज, उद्धार र राहतका लागि राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको टोल फ्रि नं ११४९ मा सम्पर्क गर्न अनुरोध गरिएको छ। यस्तै विपद्को समयमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला तथा बालबालिकालाई विशेष ध्यान दिन भनेको छ। पर्वतारोहणका लागि हिमालतिर गएको टोलीलाई फिर्ता बोलाउने प्राधिकरणका प्रवक्ता लीलाधर अधिकारीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# स्थानीय प्रविधिको प्रयोग गरी हावाबाट बिजुली

**पोखरापत्र संवाददाता**
**बागलुङ, १३ जेठ**

कोरोनाको कहरले जताततै निराशा उत्पन्न गरिरहेको समयमा म्याग्दीको नयाँ पर्यटकीय स्थल लभ्लीहिलमा स्थानीय प्रविधिको प्रयोग गरी हावाबाट बिजुली उत्पादन गरिएको छ। जिल्लाको बेनी नगरपालिका-२ खबराको लभ्लीहिल (मायालु डाँडो) मा म्याग्दी ऊर्जा प्रविधि केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा स्थानीय सीप र प्रविधिको प्रयोग गरी हावाबाट बिजुली निकालिएको हो।

काठ, जस्तापाता, पाइप र धागोजस्ता स्थानीय सामग्रीबाट भर्टिकल टर्वाइन जडान गरी ४ वटा बल्ब बल्ने क्षमताको बिजुली प्लान्ट निर्माण भएको हो। म्याग्दी ऊर्जा प्रविधि केन्द्रका प्रमुख दुर्गा श्रेष्ठ करिब तीन महिनाको अनवरत प्रयासपछि स्थानीय प्रविधिको प्रयोग गरी हावाबाट बिजुली उत्पादन गर्न सफल हुनुभएको हो। त्यसका साथै उहाँले व्यक्तिगतरूपमा रु एक लाख खर्चेर आवश्यक निर्माण सामग्रीको जोहो गरी हावाबाट बिजुली उत्पादन गर्नुभएको लभ्लीहिल निवासी स्थानीय समाजसेवी चन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो।

कार्कीका अनुसार म्याग्दी आउने आन्तरिक तथा वाह्य पर्यटकको आकर्षणको स्थल बनेको लभ्लीहिलमा साँझ परेपछि अँध्यारो हुँदा निकै असजिलो महसुस हुने गर्थ्यो। कोरोना कहरकै बीचमा अहिले यहाँ हावाबाट विद्युत् उत्पादन गरी श्रेष्ठले उज्यालो बनाइदिएपछि बेलुकी पख शीतल हावा खान यहाँ आउने गाउँलेहरुलाई सहज भएको छ।

यतिबेला कोरोना सङ्क्रमणका कारण जारी निषेधाज्ञाका कारण बेनी वा अन्यत्रबाट मानिसहरु आउन सक्ने वातावरण नभए पनि परिस्थिति सहज हुने बित्तिकै पर्यटकहरुको घुइँचो लाग्ने लभ्लीहिलमा स्तरीय रेष्टुरेन्ट र खानेपानीको व्यवस्था भएपनि बिजुलीको व्यवस्था भने हुन सकेको थिएन।

म्याग्दी ऊर्जा प्रविधि सेवा केन्द्रका सञ्चालक श्रेष्ठका अनुसार सात वटा बल्ब बाल्न सक्ने क्षमता भए पनि अहिले चार वटा बल्ब मात्र बाल्न सकिएको छ। सात वटा बल्ब बाल्ने क्षमताको उत्पादनका लागि एउटा ठूलो टर्वाइन र पोल आवश्यक पर्ने भएकाले अहिले ल्याउन सक्ने अवस्था छैन। स्थिति सहज भयो भने तुरुन्तै त्यो पोल र टर्वाइन ल्याएर जडान गरेपछि बाल्न सकिने सम्भावना भएको श्रेष्ठले बताउनुभयो। श्रेष्ठका अनुसार भर्टिकल टर्वाइन पोलमा हावाको गति कम भए पनि चल्न सक्ने क्षमता हुन्छ।

# बुर्तिबाङ स्वास्थ्य केन्द्रलाई चार लाखको स्वास्थ्य सामग्री

**पोखरापत्र संवाददाता**
**बागलुङ, १३ जेठ**

'नेपाल हेरिटेज च्यारेटी फाउण्डेशन अफ विसी क्यानडा'को आर्थिक सहयोग, नेपाली कांग्रेसका युवा नेता जीत शेरचन र समाजसेवी विपिन मल्लको पहलमा चार लाख बराबरको स्वास्थ्य सामग्री प्रदान गरिएको छ।

पश्चिम बागलुङको प्रमुख स्वास्थ्य संस्थाका रूपमा रहेको उक्त केन्द्रमा कोरोना सङ्क्रमितको उपचारका लागि आइसोलेसन सञ्चालित छ।

केन्द्रमा आयोजित कार्यक्रममा शेरचनले ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपालीलाई बुधबार ती सामग्री हस्तान्तरण गर्नुभएको थियो। कोरोना महामारीविरुद्धको लडाइमा अत्यावश्यक उपकरण अक्सिजन कन्सन्ट्रेटर तीन, अक्सीमिटर २५, मास्क चार हजार थान, स्यानिटाइजर २० लिटर, सिटामोल आठ सय स्टिक र आइसोलेसन शय्याका लागि १५ थान तन्नालगायत गरी रु. चार लाख बराबरको सामग्री प्रदान गरिएको शेरचनले जानकारी दिनुभयो।

उहाँका अनुसार स्वास्थ्य सामग्री खरिदका लागि फाउण्डेशनका अध्यक्ष देवेन्द्र हमाल, सदस्य लोमश रेग्मी, हरिहर भण्डारी, राजु बज्राचार्य र राधा बरालले आर्थिक सहयोग गर्नुभएको थियो। "कोरोना रोकथाम र उपचारमा सहयोग पुऱ्याउने अभियानमा छौं, बुर्तिबाङ बजारका सर्वसाधारणलाई मास्क पनि वितरण गर्‍यौं", उहाँले भन्नुभयो।

ग्रामीण भेगका स्वास्थ्य संस्थाहरूलाई आवश्यक सहायता उपलब्ध गराउन आफूहरूको पहल र सक्रियता रहीरहने शेरचनको भनाइ छ। नगरप्रमुख नेपालीले विपद्को सामनाका लागि सबैले हातेमालो गर्नुपर्ने बताउनुभयो।

# एम्बुलेन्सलाई रकम जुट्दै

**पोखरापत्र संवाददाता**
**तनहुँ, १३ जेठ**

'असहज परिस्थितिमा पनि पुण्यदान, दुःखमा एम्बुलेन्स सेवा हाम्रो अभियान' भन्ने नारासाथ व्यासनगरपालिका-१० स्थित नेपाल रेडक्रस सोसाइटी दुम्सीकोट उपशाखाले थालेको अभियानमा झण्डै रु.२६ लाख सङ्कलन भएको छ।

गत वर्ष भदौ १९ गते नेपाल रेडक्रस दिवसको दिनबाट अभियान शुरु थालेको सो उपशाखाले नौ महिनामा २५ लाख ५६ हजार जुटाएको हो। विभिन्न व्यक्ति संघसंस्थाबाट १५ लाख नगद सङ्कलन भएको छ। त्यस्तै १० लाख ५६ हजार बोलकबुल अनुरुपको रकम उठ्न बाँकी रहेको उपशाखाका सभापति रामदत्त पौडेल बताउनुभयो। व्यासनगरपालिकाले पाँच लाख, नेपाल रेडक्रस सोसाइटी केन्द्रले तीन लाख र विभिन्न व्यक्तिबाट रु. दुई लाख ५६ हजार उठ्न बाँकी रहेको छ।

उक्त शाखाले एम्बुलेन्स खरिदको लागि गत पुस १६ गते नौ लाख ४१ हजार ७५३ भारतको अग्नि ग्रुप महेन्द्र कम्पनीलाई पैसा पठाएपनि हालसम्म एम्बुलेन्स ल्याउन नसकिएको उहाँले बताउनुभयो।

एम्बुलेन्स आउने बित्तिकै प्रक्रिया पूरा गरेर सञ्चालनमा ल्याइने अर्थ सङ्कलन समितिका सचिव श्रीकृष्ण आचार्यले बताउनुभयो। उहाँका अनुसार ऋषिङगाउँपालिका स्थित कोटदरबार उपशाखा र देवघाट उपशाखाले यस अघि नै एम्बुलेन्स सञ्चालनमा ल्याईसकेका छन्। कुनै स्वास्थ्य संस्थासँग सम्झौता गरी एक जना स्वास्थ्यकर्मी, अक्सिजन लगायतका मापदण्ड पुरा गरी एम्बुलेन्स चलाउने योजना रहेको रेडक्रस सोसाइटी दुम्सीकोट उपशाखाले जनाएको छ।

# परीक्षाको अन्योल र संक्रमणको त्रासमा एसइई र कक्षा १२ का विद्यार्थी

– रमेश गिरी

काठमाडौं, १३ जेठ (रासस)

कोभिड–१९ सङ्क्रमणको महामारीले स्थगित नभएको भए आजदेखि माध्यमिक शिक्षा परीक्षा (एसइई) शुरु हुन्थ्यो । देशव्यापी रूपमा कोरोना महामारीको दोश्रो लहर फैलिएसँगै जारी भएको निषेधाज्ञा र भाइरसको प्रकोप बढ्दै गएपछि राष्ट्रिय परीक्षा बोर्डले वैशाख २७ गते अर्को सूचना जारी नभएसम्मका लागि परीक्षा स्थगित गरेसँगै परीक्षाको अन्योल छाएको छ । परीक्षाको अन्योल र महामारीको प्रकोपका कारण एसइई परीक्षाका लागि तयारी गरेका विद्यार्थीहरूमा मानसिक असर पर्न सक्ने त्रास पनि बढेको छ ।

एकातिर अब परीक्षा कहिले हुन्छ भनेर चिन्ता र अर्कोतर्फ कोरोना सङ्क्रमणबाट कसरी बच्ने भन्ने चिन्ताले परीक्षाको तयारीमा रहेका विद्यार्थी तनाबबाट गुज्रनु परेको बताउछिन् मध्यपुर थिमि नगरपालिका–४ राधेरोधेकी एलिशा श्रेष्ठ । एसइईको भन्दा कोरोना भाइरसको त्रास बढी रहेको उनको भनाइ छ । परीक्षाको तयारी गर्दै नियमित अनलाइन कक्षामा बस्दै आएकी उनलाई अब परीक्षा कहिले होला, कसरी होला भन्ने चिन्ता त छदैछ, त्यसमाथि कोरोना सङ्क्रमणबाट कसरी बच्ने भन्ने चिन्ता लागिरहेको बताउँछिन् ।

आफ्नै छिमेकीमा रहेकी अस्मिता थापालाई कोरोना सङ्क्रमणले गाह्रो पारेपछि एलिसालाई समेत मनोवैज्ञानिक असर परेको छ । एउटै विद्यालयमा अध्ययनरत साथीलाई केहीदिन अगाडि कोरोना सङ्क्रमणले उनको अनलाइन कक्षा त छुट्यो र निकै सास्ती भएको उनलाई थाहा छ ।

अस्मिता भन्छिन्, "कोरोनासङ्क्रमण भइहाल्यो, पढाई पनि छुट्यो, मलाई निकै कमजोर बनाएको छ, यहीबीचमा परीक्षा भयो भने कसरी दिने भन्ने चिन्ता धेरै छ, हामीले खोप पनि पाएका छैनौं, खोइ कसरी बाच्ने र परीक्षा दिने जस्तो भयो ।" बाबुलाई सङ्क्रमण पुष्टि भएको दुई दिनपछि ज्वरो आएको उनलाई पनि भाइरसले आत्रमण गर्‍यो । यतिखेर विद्यालयका प्रिन्सिपल, शिक्षक, शिक्षिकादेखि परीक्षाको तयारीमा रहेका धेरै विद्यार्थीहरूलाई कोरोना सङ्क्रमण भएको प्याब्सनको भनाइ छ । भक्तपुरमा मात्रै ९२ प्याब्सनसँग आवद्ध भएका शिक्षक, कर्मचारीलाई सङ्क्रमणभएको बताउनुहुन्छ प्याब्सन भक्तपुरका अध्यक्ष चन्द्र अधिकारी । देशको यो विषम परिस्थितिमा कसरी परीक्षा हुन्छ भन्ने चिन्ता आम विद्यार्थीमा रहेको र अनलाइन परीक्षा लिदा पनि अगाडि नै प्रश्नपत्र बाहिरिने खतरा रहेको उहाँ बताउनुहुन्छ । प्याब्सन अध्यक्ष एवं भक्तपुर निष्ठका प्रिन्सिपल अधिकारीले परीक्षा कसरी हुन्छ भनेर अभिभावक र विद्यार्थीले चिन्ता व्यक्त गरिरहेको बताउनुहुन्छ । शिक्षा विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले अहिलेको अवस्थामा विद्यार्थीहरू भौतिक रूपमा उपस्थित भए परीक्षा सञ्चालन गर्ने अवस्था नभएको बताउनुहुन्छ । विद्यार्थीको स्वास्थ्यभन्दा परीक्षा ठूला नभएको भन्दै उहाँले विद्यार्थीको स्वास्थ्यलाई ध्यानमा राख्दै यही महिनामा एसइई र कक्षा १२ को परीक्षाको बारेमा उपयुक्त बिकल्पसहित निर्णय हुने उहाँले बताउनुभयो । यसवर्ष एसइई परीक्षाको तयारीमा रहेका धेरै विद्यार्थी आफै कोरोना सङ्क्रमित रहेको र यो क्रम अझै बढ्ने अवस्थामा अनलाइन परीक्षामा पनि धेरै विद्यार्थी सहभागी हुन नसक्ने अभिभावकहरूको धारणा छ । कतिपय विद्यार्थीले मोवाइलबाट अनलाइन कक्षा लिएका छन् । सबै विद्यार्थीसँग इन्टरनेट, कम्प्युटर र ल्यापटपको पहुँच छैन, मोवाइलबाट अनलाइन परीक्षा दिन सकिन्न । त्यसैले अनलाइन परीक्षाको प्रभाव नरहने अभिभावकको भनाइ छ । अभिभावक संघ नेपालका केन्द्रीय अध्यक्ष केशव पुरीले परीक्षामुखी शिक्षालाई जोड दिनु गलत भन्दै विद्यार्थीको भौतिक उपस्थिति र अनलाइन परीक्षा यतिखेर दुवै उपयुक्त छैन भन्नुहुन्छ । यसवर्ष कोरोना सङ्क्रमण जटिल रहेको र धेरै विद्यार्थी तथा अभिभावक सङ्क्रमित रहेकाले गतवर्ष जस्तै विद्यालयको आन्तरिक मूल्याङ्कन बिधिमै यसवर्ष पनि जानुपर्ने उहाँको धारणा छ । विद्यालयले सञ्चालन गर्ने कक्षा नौ सम्मको परीक्षालाई सरकारले विश्वास गर्ने अनि कक्षा १० को पढाई र मूल्याङ्कनलाई किन विश्वास नगर्ने भन्दै उहाँले स्वदेश मै उच्चशिक्षा अध्ययन गर्ने र कतिपय विदेश जाने भएकाले कक्षा १२ को परीक्षालाई भने फरक बिधि अपनाउन सकिने बताउनुहुन्छ । "यसवर्ष धेरै विद्यार्थी सङ्क्रमित भएका छन्, यो क्रम बढ्दै छ, अनलाइन परीक्षाका लागि देशभरका सबै विद्यार्थीको पहुँच पुग्दैन भरपर्दो पनि छैन," संघका अध्यक्ष पुरी भन्नुहुन्छ, "त्यसैले कक्षा १० माआन्तरिक मूल्याङ्कन गर्ने र कक्षा १२ को हकमा भने अनलाइन परीक्षा प्रणाली उपयुक्त हुन्छ ।" अभिभावकका लागि सन्तानको स्वास्थ्यभन्दा ठूलो परीक्षा हुन नसक्ने भन्दै कडाईका साथ बिधि बनाएर यसवर्ष पनि विद्यालयलाई जिम्मा दिनुपर्ने उहाँको भनाइ छ ।

प्याब्सन केन्द्रीय उपाध्यक्ष दीपिका थापा रिमालले कोरोनाले अभिभावकदेखिपरीक्षाको तयारीमा रहेका विद्यार्थीमा निकै त्रास बढेको बताउनुहुन्छ । उहाँले विद्यार्थीहरूले परीक्षा अगाडि पढिरहेको र परीक्षा पछाडि शव बोकेको जस्ता तस्विर र त्रसित भनाइहरू सामाजिक सञ्जालमा राख्ने गरिएको भन्दै अभिभावक र विद्यार्थीमा भाइरस सङ्क्रमण बढ्दा जटिल अवस्था आएको बताउनु हुन्छ । गतवर्ष जस्तो पूर्ण रूपमा विद्यालयलाई जिम्मा दिन नहुने भन्दै उहाँले हचुवाको भरमा मूल्याङ्कन गर्ने गरी जान नहुने । निश्चित बिधि बनाएर जानुपर्ने प्याब्सनको धारणा रहेको बताउनुभयो ।

प्याब्सनसँगको छलफलमा यस वर्षको परीक्षामा सरकारले चारवटा बिधिमा परीक्षा सञ्चालन गर्ने बारेमा छलफल गरेको बताउदै सिद्धार्थ विद्यापीठको प्रिन्सिपल एवं प्याब्सन उपाध्यक्ष थापा भन्नुहुन्छ, "एउटा गतवर्षको जस्तो आन्तरिक मूल्याङ्कन गर्ने, दोश्रो विद्यार्थीलाई प्रश्नपत्र दिएर अनलाइनबाट परीक्षा दिलाउने, तेश्रो आफैं परीक्षा गराउने र चौथो भारतमा जस्तै परीक्षा नै नगरी कक्षा १० माआन्तरिक मूल्याङ्कन गर्ने र कक्षा ११ को भर्ना लिदा प्रवेश परीक्षालाई कडाई पार्दै ती विद्यार्थीले कक्षा १२ को परीक्षा दिदा कडाई गर्ने भन्ने बारेमा प्याब्सन र शिक्षा मन्त्रालयको टोलीसँग चारवटा 'मोडालिटी'मा छलफल भएको छ ।"

एसईईको हकको निर्णयमा ढिलाइ गर्न नहुने बताउदै आन्तरिक मूल्याङ्कन बिधि गतवर्षको जस्तो नभइ सुधारिनुपर्ने उहाँको छ । राष्ट्रिय परीक्षा बोर्डले वैशाख २७ गते एसइई र कक्षा १२ को परीक्षा कसरी सञ्चालन गर्ने सकिन्छ भन्ने अध्ययन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक बैकुण्ठ अर्यालको संयोजकत्वमा गठन गरेको कार्यदलले आज आफ्नो प्रतिवेदन बोर्डलाई बुझाउने भएको छ । कार्यदलका संयोजक अर्यालले कक्षा ८ को परीक्षा आन्तरिक मूल्याङ्कन गर्ने निर्णय गरे पनि कक्षा १० र १२ को बारेमा कार्यदलले तयार पारेको प्रतिवेदन बोर्डलाई बुझाउने तयारी गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "कार्यदलले बिभिन्ने सरोकार भएका निकायहरूसँग समेत छलफल गरेर बिभिन्न मोडालिटीसहित प्रतिवेदन तयार पारेको छ, यो आज बोर्डलाई बुझाउँछौं, त्यो बोर्डको सम्पत्ति हो, कहिले, कसरी परीक्षा गर्ने भन्ने अन्तिम निर्णय बोर्डको हुन्छ ।"

गत वर्ष एसइई परीक्षा सञ्चालनको अन्तिम समयमा सरकारले परीक्षा स्थगित गरेर पछि आन्तरिक मूल्याङ्कन गर्ने निर्णय गरेको थियो । यसवर्ष भने कसरी गर्ने भन्ने बारेमा बोर्डलाई जिम्मेवारी दिएको छ । कार्यदलले आज बुझाउने भनिएको प्रतिवेदन अन्तिम नभई ड्राफ्ट मात्रै भएको बताउनुहुन्छ परीक्षा बोर्डका अध्यक्ष चन्द्रमणि पौडेल । उहाँका अनुसार प्रतिवेदन बुझेपछि त्यसलाई अध्ययनका लागि बोर्ड सदस्यहरूलाई पठाउने र अहिलेको अवस्थामा परीक्षा सञ्चालन गर्न सम्भव हुने या नहुने, कसरी अगाडि बढ्ने भन्ने बारमो बोर्ड बैठकमा छलफल हुन्छ ।

"गतवर्ष परीक्षा स्थगित भएपछि सरकारले नै निर्णय गरेको थियो, यसवर्ष बोर्डलाई दिएको छ, बोर्डले कार्यदलको मस्यौदाको अध्ययनपछि छलफल गरेर केही दिनमा अन्तिम निर्णय कार्यान्वयनमा लैजान्छ," अध्यक्ष पौडेलले भन्नुभयो, "त्यसअघि शिक्षा मन्त्रालयमा समन्वय गर्छौं, अन्तिम निर्णय हुनुअगाडि मन्त्रालय र मन्त्रिपरिषदसम्म पुग्यो भने पनि यो महिनासम्ममा सबै निर्णय हुन्छ ।" यसवर्ष करिब पाँच लाख १७ हजार विद्यार्थी एसईईको तयारीमा छन् ।

परीक्षाका लागि प्रश्नपत्र छपाईसँगै देशभरका दुई हजार १९ परीक्षा केन्द्र निर्धारण भएको थियो । त्यस्तै जेठ २६ बाट हुने कक्षा १२ को परीक्षा स्थगितभएसँगै प्रश्नपत्र छपाइ भने रोकिएको छ । गतवर्ष कोरोना महामारीका कारण एसइईका परीक्षार्थीलाई विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनका आधारमा बोर्डले नतिजा दिएको थियो भने कक्षा १२ माअनलाइनबाटै प्रश्नपत्र पठाएर घरपायक परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गरिएको थियो । यो वर्ष इन्टरनेट सुविधा पुगेका निश्चित परीक्षा केन्द्रमा मात्रै प्रश्नपत्र पठाएर परीक्षा लिने तयारी बोर्डले गरेपनि स्थगित भएपछि कसरी जाने भन्नेबारेमा निर्णय भएको छैन ।

# स्थानीय तहमा चिकित्सकसहितका कोरोना अस्पताल

पोखरापत्र संवाददाता

बागलुङ, १३ जेठ

बागलुङ जिल्लामा कोरोना सङ्क्रमण बढ्दो छ । कोरोना रोकथाम र नियन्त्रणका लागि स्थानीय तहले सीमित स्रोत र साधनका बीच यथाशक्य काम गर्दै आएका छन् ।

यद्यपि नागरिकमा सचेतनामा कमी र लापरवाही हुँदा दूरदराजका गाउँहरु कोरोनाका 'हट स्पट' बन्दै गइरहेका छन् । अहिले बागलुङका १० स्थानीय तहमध्ये पाँच स्थानीय तहले चिकित्सक र अक्सिजनसहितको सुविधा सम्पन्न कोभिड अस्पताल सञ्चालनमा ल्याएका छन् ।

जिल्लामा सबै स्थानीय तहले अक्सिजनसहितका आइसोलेशन कक्ष स्थापना गरे पनि पाँच स्थानीय तहमा मात्रै चिकित्सक रहेका छन् । सरकारले अस्थायी कोरोना अस्पतालका लागि एक पालिकामा एक चिकित्सकको दरबन्दी तोके पनि पाँच वटा स्थानीय तहले चिकित्सक नियुक्ति गर्न नसकेको जिल्ला प्रशासन कार्यालय बागलुङका प्रशासकीय अधिकृत गणेश गौतमले जानकारी दिनुभयो ।

"चिकित्सकको अभाव जिल्लाको धौलागिरि अस्पतालमा समेत छ, केही स्थानीय तहले सेवा सुविधा थप गरेसमेत चिकित्सक राख्नुभएको छ", गौतमले भन्नुभयो, "बागलुङ नगरपालिकाको आइसोलेशनमा अस्पतालकै चिकित्सकले सेवा दिएका छन्, अन्य चार पालिकामा भने चिकित्सक नभए पनि नर्सहरुले सेवा दिएका हुन् ।" चिकित्सकसहितको कोरोना अस्पताललाई मान्यता दिए पनि अन्यले समेत कोरोना कहरमा सेवा दिइरहनु राम्रो भएको गौतमको भनाइ छ । डाक्टर र एम्बुलेन्ससहितको आइसोलेशन प्रभावकारी हुने र अन्य आइसोलेशनले बिरामीको सामान्य हेरचाह मात्रै गर्न सक्ने जिल्ला प्रशासनको ठहर छ ।

जिल्लामा चिकित्सक, अक्सिजन र एम्बुलेन्ससहितका १२० शय्याको कोरोना अस्पताल र ३७ शय्याको अक्सिजनसहितको अस्पताल गरी जिल्लामा जम्मा १५७ शय्याको अस्थायी कोरोना अस्पताल रहेको जिल्ला प्रशासनको तथ्याङ्कमा उल्लेख गरिएको छ । यस तथ्याङ्कमा सामान्य आइसोलेसन शय्या समावेश गरिएको छैन । धौलागिरि अस्पतालमा ३५ शय्याको आइसोलेशनमा २१ चिकित्सक कार्यरत रहेको र १० स्थानीय तहमध्ये १० शय्याको ढोरपाटन अस्थायी कोरोना अस्पतालमा तीन चिकित्सक र दुई नर्स, बागलुङ नगरपालिकाको रात्मााटामा रहेको ३५ शय्याको आइसोलेशनमा धौलागिरि अस्पतालका चिकित्सकरुले नियमित हेरचाह गरिरहेको, ताराखोला गाउँपालिकामा एक चिकित्सक, अक्सिजन तथा एम्बुलेन्ससहित १५ शय्याको अस्पताल, जिल्लाको बरेङ गाउँपालिकामा एक चिकित्सक, अक्सिजन तथा एम्बुलेन्ससहित पाँच शय्याको अस्पतालले सेवा दिइरहेका छन् । यस्तै जिल्लाको बडिगाड गाउँपालिकामा एक चिकित्सक, चार नर्ससहित १० शय्या र गलकोट नगरपालिकामा दुई चिकित्सकसहितको अस्पताल सञ्चालनमा रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

यस्तै निसीखोला गाउँपालिकामा पाँच शय्याको कोरोना अस्पताल सञ्चालनमा आए पनि चिकित्सक छैनन् । जिल्लाको जैमिनी नगरपालिकामा १२ शय्याको कोरोना अस्पताल सञ्चालनमा ल्याउने तयारी भए पनि चिकित्सकको करार सकिएकाले केही ढिलाइ भएको छ । तमानखोलामा पाँच शय्याको कोरोना अस्पताल र काठेखोलामा पाँच शय्याको कोरोना अस्पताल सञ्चालनको तयारीमा रहेको छ । जिल्ला प्रशासनको तथ्याङ्कअनुसार चिकित्सकसहितका छ अस्पतालमा १२० शय्या, नर्ससहितको चार अस्पतालमा ३७ शय्या सञ्चालनमा रहेको तमानखोला गाउँपालिका र निसीखोला गाउँपालिकाले सञ्चालन गरेको अस्पतालबाहेक सबै अस्पतालमा एक/एक वटा गरी नौ वटा एम्बुलेन्ससमेत व्यवस्था गरिएको छ । यस्तै जिल्लाका सबै कोरोना अस्पतालमा ३० चिकित्सक, ७८ नर्स तथा ३३१ वटा अक्सिजन सिलिण्डर रहेका छन् ।

# महामारीबीच रोपाइँको याम शुरु

पोखरापत्र संवाददाता

बागलुङ, १३ जेठ

कोरोनाको त्रासदी छ । महामारी गाउँ छिरेको छ । सङ्क्रमण रोक्न गरिएको निषेधाज्ञा जारी छ । किसानलाई भने पौरख नचलाई सुख छैन । घरमै बसेर हातमुख जोडिन्न । बर्खा शुरु हुँदैछ । खेतीपाती नगरी भएन । कोरोना छलेर कामधन्दा गर्नुछ ।

महामारीबीच रोपाइँको याम शुरु भएको छ । गलकोटलगायत जिल्लाका कतिपय भेगमा जेठ दोस्रो सातादेखि नै रोपाइँ हुन थाल्छ । एकातिर कोरोना सङ्क्रमणको जोखिम र भय, अर्कोतिर रोपाइँको चटारो । महामारीबाट जोगिएर खेतीपातीलगाउनुकोविकल्प किसानसँग छैन ।

किसानलाई खेतबारीमा काम गर्दा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउन स्थानीय तहहरुले आग्रह गरेका छन् । गलकोट नगरपालिकाले रोपाइँमा भौतिक दूरी कायम गर्न, कम मानिस मात्र भएर खेतीपाती गर्न, खाजाको प्रबन्ध घरबाटै गर्न तथा खेतमा आउने र घर फर्कने समयमा अनिवार्यरूपमा मास्क लगाउन भनेको छ । सार्वजनिक सूचना नै जारी गरेर त्यस्तो आग्रह गरिएको र त्यसको अनुगमन पनि हुने नगरपालिकाले जनाएको छ । गलकोटको मजुवा जिल्लामै धेरै धान फल्ने फाँट हो । सबैभन्दा पहिले त्यहीँबाट रोपाइँ शुरु हुन्छ । सिञ्चित र दुई बाली फल्ने खेतमा मध्य जेठबाटै रोपाइँ हुने गरेको छ । मजुवालगायत फाँट खोला आसपास भएको र बाह्रैमास सिँचाइ पुग्ने हुँदा रोपाइँलाई समस्या नपर्ने नगरपालिकाका कृषि शाखा प्रमुख हरिदत्त सुवेदी बताउनुहुन्छ । त्यहीँमाथि मनसुनले समेत साथ दिएमा रोपाइँ बेलैमा सकिन्छ । गलकोट क्षेत्र भएर बग्ने दरमखोला र गौंदी खोलाबाट आएका कुलाले त्यहाँको ठूलो उब्जाउ भूमिलाई सिञ्चित गर्छन् । छिटो रोपाइँ हुनेमा जिल्लाको गलकोट, कुश्मीसेरा, खरबाङ र बुर्तिबाङलगायतका क्षेत्र पर्छन् । रोपाइँ हुने मुख्य महिना असार भए पनि ती ठाउँमा पहिल्यै रोपाइँ शुरु भइसक्छ । मकै बाली हुने खेतमा भने किसानले मकै भिकेपछि असार अन्तिम र साउनसम्मै रोपाइँ गर्छन् । मनसुन जति छिटो सक्रिय हुन्छ उति नै छिटो रोपाइँ हुन्छ । जिल्लाको दक्षिण अमलाचौर, नारायणस्थान, बिहुँ, पाला, मालिका, बुर्तिबाङको उपल्लो भेगलगायतका ठाउँमा भने रोपाइँ ढिलो हुन्छ । कृषि ज्ञान केन्द्रकाअनुसार जिल्लामा छ हजारबढी हेक्टरमा धान खेती हुँदै आएको छ । प्रतिहेक्टर तीन मेट्रिक टन धान फल्छ । पछिल्लो समय उत्पादन बढाउन उन्नत र वर्णसङ्कर जातको धान खेतीतर्फ किसान आकर्षित छन् । केही स्थानीय जातका साथै उन्नततर्फ माछापुच्छ्रे, छुन्दुङ, हिमाली, सावित्री, जेठो बुढो, सुख्खा १,२,३ सहित उन्नत जातको धान खेती हुँदै आएको छ । धानको उब्जनी बढाउन कृषि ज्ञान केन्द्रले बीज वृद्धिलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ । जिल्लाको २० प्रतिशत सिञ्चित क्षेत्रमा मात्रै धान खेती हुँदै आएको छ ।

# अक्सिजन प्लाण्ट जडानको तयारी अन्तिम चरणमा

पोखरापत्र संवाददाता

दमौली, १३ जेठ

तनहुँको दमौली अस्पतालमा अक्सिजन प्लान्ट स्थापनाको तयारी अन्तिम चरणमा पुगेको छ । कोरोना सङ्क्रमितको उपचारमा सहयोग पुऱ्याउन अस्पतालमा अक्सिजन प्लान्ट निर्माण गर्न लागिएको हो । शुक्रबारसम्म प्लान्ट जडान गर्ने तयारी गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीले जानकारी दिनुभयो ।

"कहाँनेर राख्ने भनेर ठाउँ हेरेका छौं, सम्भौता भएको कम्पनीले शुक्रबारसम्म जडान गरिदिने प्रतिबद्धता जनाएको छ", अधिकारीले भन्नुभयो । प्लान्टबाट उत्पादित भएको अक्सिजन प्रत्येक बिरामीको शय्यामा विस्तार गरिनेछ । तत्कालका लागि सिलिण्डरमा भर्ने नभई पाइपलाइनमार्फत शय्यासम्म विस्तार गरिने अधिकारीले बताउनुभयो । प्लान्ट स्थापनाका लागि गण्डकी प्रदेश सरकारले गत वर्ष अस्पताललाई रु ७० लाख विनियोजन गरेको थियो । सङ्घीय सरकारमार्फत केही दिनअघि मात्रै रु ३० लाख विनियोजन भएको छ । प्लान्ट निर्माणका लागि अस्पतालले जयसङ्कर प्रालिसँग सम्भौता गरेको थियो ।

कोरोना सङ्क्रमण दिनप्रतिदिन बढिरहेका बेला सदरमुकाममा रहेको दमौली अस्पतालको स्तरोन्नतिको प्रसङ्ग चलिरहेको छ । गत वर्षको कोरोना कहरका बेला पनि यही प्रसङ्ग चर्चामा आएको थियो । अस्पतालको स्तरोन्नतिका लागि वर्तमान समिति पनि विगतदेखि नै लागिरहेको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अधिकारीले पटक–पटक अस्पतालको स्तरोन्नतिका लागि पहल थालिँदा पनि कुनै परिणाम प्राप्त नभएको जानकारी दिनुभयो । अस्पतालको स्तरोन्नतिका लागि आवश्यक जग्गा प्राप्तिमा अनेकौं पटक छलफल चलाएर फाइल बोकी सम्बन्धित निकायमा धाउँदा पनि शून्यकै स्थिति रहेको अधिकारीले बताउनुभयो । "विभिन्न ठाउँका विभिन्न कित्ताका सार्वजनिक र विभिन्न सरकारी कार्यालयको अनुत्पादक जग्गा पहिचानसहित सम्बन्धित निकायमा लगियो तर परिणाम हात लाग्यो शून्य", उहाँले भन्नुभयो, "मौजुदा नियम कानूनले छेक्ने कुरा बारम्बार सुन्दा कानै पाक्यो ।" जनताको आवश्यकताका पछाडि नियम कानून बाधक छन् भने त्यसलाई परिवर्तन गर्नुपर्ने अधिकारीको सुझाव छ । "अस्पताल सञ्चालनका लागि अस्पताल परिसरमा निर्माण भएको नयाँ भवन पाउनका लागि तारन्तर नलागेको होइन, महिला तथा बालबालिका कार्यालय लागि तयार भवन पनि मागियो, तर उपलब्धि भएन", उहाँले भन्नुभयो, "जग्गाको हकमा पछि बल्लबल्ल जिल्ला समन्वय समितिले चार रोपनी जग्गा उपलब्ध गराई सहयोग गरेको छ ।" सोही जग्गामा अस्पताल भवन बनाउन डिपिआर भइरहेको अधिकारीको भनाइ छ ।

विसं २०६२ मा आफ्नै स्रोत साधन प्रयोग गरी ५० शय्याको अस्पताल सञ्चालन गर्न अनुमति पाए पनि अस्पताल समितिले सञ्चालन गर्न सहज नभएको अधिकारीको बुझाइ छ । वर्तमान अवस्थामा पनि अस्पतालले केही उल्लेख्य प्रगति गरेको अधिकारीले जानकारी दिनुभयो ।

अस्पतालमा फोहरपानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्ससहितको भवन निर्माण, आँखा विशेषज्ञसहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, यसेथेसिया सेवा, गाइनोलोष्टिबाट सेवा सञ्चालन, भेन्टिलेटरसहित आइसीयूकक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्षलगायतका सेवा विस्तार गरिएको छ । साथै शव राख्नका लागि दुई तह भएका दुई मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ ।

# संकटमा अक्सिजन कन्सनट्रेटर उपलब्ध गराइँदै

पोखरापत्र संवाददाता

दमौली, १३ जेठ

सदरमुकाममा रहेका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको संस्था बैंकर क्लब अफ दमौलीले व्यास नगरपालिकालाई दुई थान अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेको छ । नगरपालिकाले सञ्चालन गरेको आइसोलेशनका लागि उक्त संस्थाले अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको हो ।

बैंकर क्लबका अध्यक्ष राजु रानाले आज नगरप्रमुख वैकुण्ठ न्यौपानेलाई अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गर्नुभयो । कोभिड–१९ को विषम परिस्थितिमा नगरवासीको जीवनरक्षाका लागि सामाजिक उत्तरदायित्व वहन गर्दै अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेका रानाले बताउनुभयो । उहाँका अनुसार रु दुई लाख ५४ हजार बराबरको सामग्री नगरपालिकालाई हस्तान्तरण गरिएको छ ।

नगरप्रमुख न्यौपानेले सङ्कटको घडीमा संस्थाले पुऱ्याएको सहयोगप्रति आभार व्यक्त गर्दै सामूहिक प्रयासबाट कोभिड नियन्त्रण सम्भव रहेको बताउनुभयो । यसैगरी लायन्स क्लब अफ तनहुँले सो नगरपालिकालाई अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ । कोरोना रोकथाम र नियन्त्रणमा सहयोग पुऱ्याउन क्लबले नगरपालिकालाई एक थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको हो । क्लबका अध्यक्ष सरोज भण्डारीलगायत पदाधिकारीलेनगरप्रमुख न्यौपानेलाई उक्त अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेको छ । समाजसेवा नै मूल मन्त्र ठानेर सामाजिक कार्यमा सक्रिय युवाहरूको संस्थाले नगरवासीको जीवनरक्षाका लागि उक्त सहयोग गरेको भण्डारीले बताउनुभयो ।

तनहुँको आँबुखैरेनी गाउँपालिकालाई अक्सिजन कन्सन्ट्रेटर प्राप्त भएको छ । करुणा फाउण्डेशन काठमाडौंले गाउँपालिकालाई दुई थान कन्सन्ट्रेटर सहयोग गरेको हो । कोभिड महामारीका बेला संस्थाले गरेको सहयोगले सङ्क्रमितको उपचारमा सहयोग पुग्ने गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले जानकारी दिनुभयो । प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले कन्सन्ट्रेटर सहयोग गरेकामा संस्थाप्रति आभार व्यक्त गर्नुभयो ।